
# लेखापरीक्षण प्रतिवेदन

# भागेश्वर गाउँपालिका, डडेलधुरा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## भागेश्वर गाउँपालिका, डडेलधुरा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**प्रादेशिक लेखापरीक्षण महानिर्देशानालय, सुदुरपश्चिम प्रदेश**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-१२

च.न.:FAR/2080-81/LOC/751

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
भागेश्वर गाउँपालिका, गाँउ कार्यपालिकाको कार्यालय,
डडेल्धुरा।

**कैफियतसहितको राय**

हामीले भागेश्वर गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाँउपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाँउपालिकाले पेश गरेको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा नेपाल सरकारबाट अन्तरसरकारी अख्तियारी मार्फत प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षाको रू.४ करोड ९५ लाख ४ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रू.९ लाख ३२ हजार समेत रु.५ करोड ४ लाख ३६ हजार समावेश गरेको छैन।
२. गाँउपालिकाको रु.७५ करोड ४४ लाख ८५ हजारको लेखापरीक्षण गरिएकोमा रू.८० लाख १ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु.१० लाख ३८ हजार प्रतिक्रियाबाट फस्यौंट भई बाँकी रहेको बेरुजुमध्ये असुल गर्नुपर्ने रू.३१ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ लाख २० हजार, नियमित गर्नुपर्ने रु.२९ लाख ७६ हजार र पेस्की बाँकी रु.३ लाख ७९ हजार रहेको छ। गत वर्षसम्म रु.१३ करोड २६ लाख ७८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.११ करोड ३३ लाख २४ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।
३. गाँउपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।

एकीकृत वित्तीय विवरण तयार गर्ने गाँउपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी गाँउपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाँउपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( पशुपति कुमार काफ्ले )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

**चालु वर्षको बेरुजु**

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६५ | ७२ | ८०,०१,३३७ | ० | १९ | १०,३८,२६० | ० | ६५ | ५३ | ६९,६३,०७७ | ३१,६७,७४७ | २९,७५,८९० | १,२०,२४० | ० | ० | ३४,१६,१३० | ३,७९,२०० |

**अद्यावधिक बेरुजू स्थिति**

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| डडेल्धुरा | १३२६७८००० | ० | १,२३,९०,७२० | १२०२८७२८० | ० | ६९,६३,०७७ | ११,३३,२४,२०३ |

**बेरुजु सम्परीक्षणको विवरण**

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७७/७८ | ५०.४ | सामाजिक सुरक्षा | ७५,२०० |
| २ | २०७८/७९ | २२ | सशर्त पुजिगत | ७२,००,००० |
| ३ | २०७८/७९ | ४४ | पेश्की बाँकी | ६,००,००० |
| ४ | २०७८/७९ | २१ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ४,६४,४८५ |
| ५ | २०७८/७९ | ३४ | प्रमाण कागजात नभएकोः | १३,००,००० |
| ६ | २०७८/७९ | २५ | चालु खर्चतर्फ | २१,१०,६६८ |

| | | | | |
|---|---|---|---|---|
| ७ | २०७८/७९ | ४०.२ | पालिका कृषि | ४,९०,७७५ |
| ८ | २०७९/८० | ४४ | होम वर्क डायरी वितरण | ३४,१५० |
| ९ | २०७९/८० | ४८ | सामाजिक सुरक्षा भत्ता | ७३,४४२ |
| १० | २०७९/८० | ७ | पेश्की बाँकी | ४२,००० |
| ११ | २०८०/८१ | ६२ | डोजरबाट प्राप्त आम्दानी विविध खातामा दाखिला गरेको | १,५९,००० |
| १२ | २०८०/८१ | २३ | पेश्की बाँकी | ६,००,००० |
| १३ | २०८०/८१ | ५९ | राजश्व बाँडफाँड | २,४८,६४२ |
| १४ | २०८०/८१ | २९ | बैठक भत्ता | २९,३२५ |
| १५ | २०८०/८१ | २४ | आन्तरिक लेखापरीक्षण | १,२९३ |
| जम्मा | | | | १,३४,२८,९८० |

# (८०७७५५०५३०० - भागेश्वर गाउँपालिका, डडेलधुरा )

# भागेश्वर गाउँपालिका , डडेल्धुरा

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :**-स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धती सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले नेपालको संविधान २०७२ अनुसार यस पालीकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चितता गर्दै गुणस्तरिय सेवा प्रदान गर्दै जनतालाई प्रत्यक्ष लाभ पुग्ने सामाजिक,आर्थिक एवं भौतिक क्रियाकलाप सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ। २३३.३८ बर्ग किमी मा फैलिएको यो गाउँपालिकामा जम्मा ५ वडा, २८ गाउँसभा सदस्य रहेका छन्। गाउँपालिकाको कुल जनसंख्या १३१३२ रहेका छन।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।0५।०५ देखि २०८१।०६।११ सम्म रहेको छ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवम् स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

**(च) आर्थिक कारोबारको स्थिति :**- पालिकाको आय – व्यय रु.७५ करोड ४४ लाख ८५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। सोको विस्तृत विवरण निम्न बमोजिम छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :**- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा

संलग्न छ ।

## २ **एकीकृत आय व्यय**

पालिकाको आर्थिक वर्ष २०८०।८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| भागेश्वर गाउँपालिका | | | | | | | |
| गाउँ कार्यपालिकाको कार्यालय, डडेल्धुरा | | | | | | | |
| एकीकृत आ. वि. २०८०/ ०८१ | | | | | | | |
| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | ३६८३९१९४.५१ | १ | गाउँपालिका तर्फ खर्च | | ३३३९८२६५६.०७ |
| | क) संचित कोष | २७८४९१५५.३३ | | | क_ चालु खर्च | २४८४७८७१६.०७ | |
| | ख) धरौटी खाता | २३४०२२८ | | | ख_ पूँजीगत खर्च | ८५५०३९४० | |
| | ग) बिबिध कोष खाता | ३०६०१२१.७६ | | २ | कोष तर्फ | | ८४३८८८६ |
| | घ) विपद व्यवस्थापन कोष | ३४९३५२९.४२ | | | क_ धरौटी | १०८४३१३ | |
| | ङ_ बिभाज्य कोष | ९६१६० | | | ख_ बिबिध कोष | ६२६९९१२ | |
| २ | राजस्व आन्तरिक आय) | | ७१३१३५६१.४ | | ग_ प्रकोष व्यवस्थापन कोष | १०८४६६१ | |
| | क) आन्तरिक राजस्व | २०२४०१८.९२ | | ३ | अन्य वित्तिय खर्च | | ५०४३५९१३ |
| | ख) राजस्व बाँडफाँड संघीय सरकार | ६७६३४२४३ | | | क_ सामाजिक सुरक्षा | ४९५०३८४८ | |
| | ग) राजस्व बाँडफाँड प्रदेश सरकार | १६५५२९९.४८ | | | ख_ पर्यटन पूर्वाधार विकास कार्यक्रम | ९३२०६५ | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | २८१७४६२८१.५ | ४ | अनुदान फिर्ता | | २८२२४८९५.२ |
| | क) वित्तिय समानीकरण अनुदान | ७०२१५००० | | | क_ संघ तर्फ | २७५४६३०९.०६ | |
| | ख) सशर्त अनुदान | २००५०५१८५ | | | ख_ प्रदेश तर्फ | ६७८५८६.१४ | |
| | ग) विशेष अनुदान | ११०२६०९६.५ | | ५ | मौज्दात | | ५००३१८८८.०२ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | १८५७३१७४ | | क) संचितकोष | ३७६२८९८५.९६ | |
| | क) वित्तिय समानीकरण अनुदान | ५८४८००० | | | ख) धरौटी | ३५३४०९०.६६ | |
| | ख) समपुरक अनुदान | २१८६६४२ | | | ग_ बिबिध कोष | ३८०२६९९.९८ | |
| | ग) विशेष अनुदान | ५५३०४७५ | | | घ_ प्रकोष व्यवस्थापन कोष | ४७९८८६८.४२ | |
| | घ)शशर्त अनुदान | ५००८०५७ | | | ङ_ बिभाज्य कोष | २६७२४३ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अन्य आय | | ५०४३५९१३ | | | | |
| | क सामाजिक सुरक्षा | ४९५०३८४८ | | | | | |
| | ख पर्यटन पूर्वाधार विकास कार्यक्रम | ९३२०६५ | | | | | |
| ६ | कोष तर्फको आय | | १२२०६११३.८८ | | | | |
| | क) धरौटी खाता | २२७८१७५.६६ | | | | | |
| | ख) बिबिध कोष खाता | ७०१२४९०.२२ | | | | | |
| | ग) विपद व्यवस्थापन कोष | २३९०००० | | | | | |
| | घ_ विभाज्य कोष खाता | ५२५४४८ | | | | | |
| | जम्मा | | ४७११९४२३८.२९ | | जम्मा | | ४७११९४२३८.२९ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तिय अवस्था**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था छ । पालिकाले स्वीकृत सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.२ खर्च बिश्लेषण :- पालिकाले पेश गरेको एकीकृत आय व्याय मध्ये आन्तरिक आयको हिस्सा ०.५३ प्रतिशत रहेको छ। यसवर्ष पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७२.२७ प्रतिशत चालु र २४.८६ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ। यस बाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

३.३ **कर दायित्व :-** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रू ३४५०। देखाएको छ । एकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४५० |

३.४ **आय व्यय :-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालीका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गते देखि आगामी वर्षको आषाढ मसान्त सम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार पालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस पालिकाले सवै बैंक मौज्दात रकम आर्थिक वर्षको अन्तको दिनको लिने गरेको छैन र आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्न पालिकाले आर्थिक नियमावली बनाई नसकेकोले संघीय कानुनलाई नै आर्थिक कार्य प्रणालीको व्यवस्थापनको आधार लिएको छ ।

३.५ **सुत्र वाहिरको खर्च /वित्तीय विवरणको यथार्थता :-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षाको रु ४,९५,०३,८४८।०० पर्यटन पूर्वाधार विकास कार्यक्रमको रू ९,३२,०६५। ०० समेत गरी रू ५,०४,३५,९१३।०० सुत्रबाट सिर्जित वित्तीय प्रतिवेदनमा समावेश छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्रबाट सिर्जित वित्तीय प्रतिवेदनमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

३.६ **बैङ्क हिसाब विवरण :-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | ३७६२८९८५.९६ | ३७४२०४२०.९६ | २०८५६५ |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध कोष खर्च खाता | ३८०२६९९.९६ | ३८०२६९९.९६ | ० |
| प्रकोप व्यवस्थापन कोष खाता | ४७९५४१८ | ४७९८८६८.९८ | ३४५१ |
| स्थानीय विभाज्य कोष | २६७२४३ | २६७२४३ | ० |
| आन्तरिक अनुदान खाता | ० | ० | ० |
| धरौटी | ३५३४०९०.९६ | ३५३४०९०.९६ | ० |
| ग१. १ , आन्तरिक राजस्व खाता | ० | ० | ० |
| ग१. २ , बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | १७८५६५ | १७८५६५ |
| बैङ्क | ५००२८४३७.८८ | ५०००१८८८.८६ | ३९०५८१ |

पालिकाले म.ले.प. फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् :

- स्थानिय सञ्चित कोषमा वैंकमा भन्दा श्रेस्तामा रु २०८५०५ बढी हुनुमा राजश्व बाँडफाड खाताबाट सञ्चितकोषमा रकमान्तर भएर EFT रिजेक्ट भई रु १७८५६५ राजश्व वाँडफाँडको वैंक खातामा नै रकम रहेको र भाडाबापत रु ३०००० सञ्चितकोषमा वैंक जम्मा भएका कारण फरक परेको पालिकाले जनाएको तथा सो रकम आर्थिक वर्षको समाप्त पछी श्रावण महिनामा हिसाव मिलान गरेको देखिन्छ । पालिकाले अशुल गर्नुपर्ने समयमै अशुल गरि सम्बन्धित खातामा जम्मा गरि तथा रकमान्तर समयमै गरि हिसाब मिलान गर्नु पर्दछ ।
- प्रकोप व्यवस्थापन कोष खातामा श्रेस्तामा भन्दा वैंकमा रु ३४५१ बढि भएको विषयमा पालिकाले यकिन गरि प्रमाण पेश गर्नु पर्दछ ।

## ४ आन्तरिक नियन्त्रण प्रणाली तथा कानूनको पालना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्वेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• यस पालिकामा कार्यरत जनशक्तिको कार्यविवरण तयार गरी लागु गरेको पाईएन।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन गर्दा पूर्ण रुपमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । पालिकाले ईन्धन् प्रयोगको आवश्यक मापदण्ड बनाई बढ्दो ईन्धन खरिदमा हुने खर्चलाई नियन्त्रण गर्नु पर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन ।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख भएका कतिपय अनुदान वितरणमा मापदण्ड पुरा गरेको पाईएन ।

• पूँजिगत खर्च शिर्षकमा चालु प्रकृतीका खर्च गर्ने कार्य नियन्त्रण भएको देखिएन ।

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• ठेक्काका म्याद थप्ने कार्यमा निर्णयगर्दा कारण नखोली म्याद थप्ने गरेको छ । साथै मलेप फा नं अनुसार बेरुजू लागत राखेको देखिएन ।

तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाका उपप्रमुखले मिति २०८०।०३।०७ मा रू.४० करोड १८ लाख ८३ हजार २ सयको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएकोले २० दिन ढिलो गरी खर्च गर्ने अख्तियारी दिएको देखियो।

६ **बजेट अवण्डा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष निम्न शिर्षकमा बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । कानुनी आधार वेगर लेखेको खर्चमा नियन्त्रण हुनुपर्दछ र बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वयन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| क्र सं | योजनाको नाम | बजेट | खर्च |
|---|---|---|---|
| १ | समपुरक कोष | १९००००००० | ७३१८८३६ |
| २ | सडक मर्मत तथा सरसफाई | ४०००००० | २२९५६५८ |
| ३ | श्रव्य दृष्य प्रचार प्रसार तथा निर्माण | ५००००० | १५०००० |
| ४ | लक्षीत वर्ग | ३०००००० | १८१८८१२ |
| ५ | खेलकुद कार्यक्रम | १५००००० | १७९७५१३ |
| ६ | न्यायिक समिति | १०००००० | ३११९३३ |
| ७ | भूमि व्यवस्थापन | १५००००० | ९३७०८७ |
| ८ | सडक मर्मत सम्भार समुह परिचालन | ३०००००० | २४२१८४६ |
| ९ | वन वातावरण तथा विपद व्यवस्थापन | ५००००० | ३५००० |

७ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २१२ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ७ | ७ | ० | ० |
| २ | वडास्तरीय | २०५ | ० | २५ | १८० |

यस विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २०३ योजनामात्र कार्यान्वियन भई ९ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ८ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २५०९४०००.०० | १७९१८५४०.८६ | ५.३६ |
| २ | पूर्वाधार विकास | ७७२५३०००.०० | ५६०७२६१६.०० | १६.७८ |
| ३ | सामाजिक विकास | २२८३४१००० | १८९८७९६४४.४४ | ५६.८५ |
| ४ | बातावरण तथा विकास | ५००००० | ३५००० | ०.०१ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ८३५०००.०० | ९९८२६० | ०.२९ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९८४८६६१४.०० | ६९११००९४.७७ | २०.६९ |
| **जम्मा** | | ४३०५०९६१४ | ३३३९८२६५६.०७ | ७७.५७ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५६.८५ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटी ०.०१ प्रतिशत रहेको छ। पालिकाले आफ्नो दिर्घकालिन लक्ष्य तथा रणनीतिको आधारमा क्षेत्रगत खर्च व्यवस्थापन हुनुपर्दछ।

## ९ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ :

| प्रथम त्रैमासिक | | दोश्रो त्रैमाषिक | | तेस्रो त्रैमाषिक | | चौथो त्रैमाषिक | | असार महिनाको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| खर्च | खर्च(%) | खर्च | खर्च(%) | खर्च | खर्च(%) | खर्च | खर्च (%) | खर्च | खर्च(%) | बजेट |
| २३५२३० | ०.२८ | ८७६२४४९ | १०.२५ | २०,९८४,५०५.०० | २४.५ | ५५५२१७५६. | ६४.९ | ३६८३४९०३ | ४३.०८ | ११७८५३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रू ८५५०३९४० निकासा भएकोमा प्रथम त्रैमासिकमा रू. ०.२८ प्रतिशत, दोस्रो त्रैमासिकमा १०.२५ प्रतिशत, तेस्रो त्रैमासिकमा २४.५ प्रतिशत र चौथोमा ६४.९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्र रू. ३६८३४९०३. (४३.०८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## १० पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष कुल पूजिगत खर्च रु. ८,५५,०३,९४०।०० खर्च गरेकोमा खुला बोलपत्र शिर्षकबाट रु.२,९४,५६,३७१।००, सोझै खरिद रु. ४५,७८,०९३।००, अमानतबाट रु. १,००,०००।००, उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रु ५,००,४०,७१५। ०० र कन्टिन्जिन्सीबाट रु १३,२८,७६१।०० खर्च गरेकोमा ३४.४५ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सोझैखरिद बाट ५.३५ प्रतिशत, अमानतबाट ०.१ प्रतिशत र उपभोक्ता समितिबाट ५८.५२ प्रतिशतको खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## ११ संगठन तथा कर्मचारी व्यवस्थापन

११.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा प्रमुख प्रशाकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत, प्राविधिक सहायक सहित ८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

११.२ **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले विभिन्न ४९ जना कर्मचारीहरु करारमा राखि रू.१,२३,९२,२८०। खर्च लेखेको छ । O & M गरि आवश्यकताका आधारमा मात्र कर्मचारी राख्ने व्यवस्था मिलाउनुपर्दछ।

११.३

**वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | ३ | २ |

रिक्त वडा सचिवहरूको पदपुर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनु पर्दछ।

११.४ **कर्मचारी कल्याण कोष** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको हुने आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। कर्मचारी कल्याण कोषमा गत वर्षको मौज्दात रू.१०,००,०००। रहेकोमा यो बर्ष राजस्व वाडफाँड वाट रू.५,००,०००। थप भई जम्मा रू.१५,००,०००। आम्दानी भएकोमा यो बर्ष कुनै खर्च नभई रू.१५,००,०००। बाँकी मौज्दातको रूपमा रहेको छ। ऐनको व्यवस्थाबमोजिम सम्बन्धित कर्मचारीहरूबाट पनि रकम कट्टा गरी सो बराबरको रकम पालिकाबाट जम्मा गर्ने व्यवस्था गर्नुपर्दछ।

## १२ कानून निर्माण एवं कार्यान्वयन

१२.१ **कानुन निर्माणको अवस्था** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। यस पालिकाले दिएको विवरण अनुसार हालसम्म ३ ऐन, १० कार्यविधि, ३ निर्देशिका लगायत २० कानुनहरु निर्माण भएको देखिन्छ । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण कानुनी, सामञ्जस्यता र तादाम्यता तथा प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

१२.२ **न्यायिक समितिको कार्यसम्पादनको अवस्था** - यस पालिकाको न्यायिक समितिको लागि न्यायिक मेलमिलाप कक्षको व्यवस्था गरेको छैन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार अघिल्लो आर्थिक बर्षबाट अल्या भएका उजुरीको संख्या १, आर्थिक वर्ष २०८०।८१ मा कुनै पनि दर्ता नभई बाँकी उजुरि फस्यौट भएको छ। आम नागरिकको सहज पहुँच कायम गरी नागरिकको घर आँगनमा नै न्यायिक अधिकार प्राप्त गरेको अनुभूति दिलाउने गरी न्यायिक समितिको क्षमता विकास गर्नु जरुरी छ।

## १३ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने छ। यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ:

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | विवरण प्राप्त नभएको |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ४३६ |
| मृत्युदर्ता | ८५ |
| बसाईसराई दर्ता | १०५ |
| विवाह दर्ता | १५२ |
| सम्बन्धविच्छेद दर्ता | ४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | विवरण प्राप्त नभएको |
| कालोपत्रे सडक मर्मत | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक निर्माण | विवरण प्राप्त नभएको |
| ग्राभेल सडक मर्मत | विवरण प्राप्त नभएको |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । यसरी पालिकामा अपाङ्ग मैत्री सेवा, डिजिटल सेवा, एस.एम.एस. सेवा, अनलाइन सेवा तथा अन्य आधुनिक सेवाको विस्तार गर्नु पर्दछ।

१४ **सम्पत्ति उपयोग र संरक्षण**

१४.१ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व. २०८०।८१ को जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम विक्री गर्नुपर्ने भनी उल्लेख गरेका २ डिजिटल क्यामेरा, १० यु पि एस, १० रिभल्वभिङ चेयर लगायत १४ प्रकृतिका ४८ वटा मालसामान तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका १ मोटरसाइकल, ४ डेस्कटप कम्प्युटर, ३ ल्यापटप, लगायत ३५ प्रकृतिका ७९ मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार लिलाम विक्रि तथा मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरुस्त वनाउनु पर्दछ।

१४.२ **सार्वजनिक सम्पत्तिको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नुपर्दछ ।

१४.३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा

श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सो को संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१४.४ **जिन्सी लगत खाता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको देखिएन ।

## १५ सहकारी अनुगमन

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ख) मा स्थानिय तहले सहकारी संस्थाको अनुगमन तथा नियमन गर्नुपर्ने ब्यवस्था छ । पालिकामा जम्मा १७ सहकारी संस्था रहेकोमा ३ वटा सक्रिय अवस्थामा छन्। यस पालिकाले ऐनमा भएको ब्यवस्था बमोजिम अनुगमन तथा नियमन गरी अभिलेख राखेको देखिएन ।अतः पालिकाले ऐनमा भएको ब्यवस्था अनुसार अनुगमन गरी अभिलेख राख्नु पर्दछ।

## १६ आर्थिक सहायता र अन्य विविध खर्च

१६.१ **आर्थिक सहायता** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यो बर्ष आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०७९ अनुसार रू.५,०००। देखि रू.२५,०००। सम्म जम्मा १०५ जनालाई रू.१२,८०,०००। आर्थिक सहायता वितरण गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.२०,२४,०१८.९२ को ६३ प्रतिशत हुन आउँछ ।

१६.२ **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष विविध खर्च तर्फ मात्र रू.८,६७,१९७। खर्च गरेको छ। उक्त रकम पालिकाको कुल आन्तरिक आय रू.२०,२४,०१८.९२ को ४३ प्रतिशत हुन आउँछ ।पालिकाले यो बर्ष सभा सञ्चालनमा रू.२,८७,८२०। रकम खर्च गरेको छ। यस्तो खर्च औचित्यको आधारमा गर्नुपर्दछ ।

## १७ पदाधिकारीलाई आर्थिक सहायता

भौ. नं. ४८ मिति २०८०।०६।२५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। कार्यपालिका सदस्य वसन्ती देवी नाथलाई विपद व्यवस्थापन कोष वाट आर्थिक सहायता स्वरूप रू.५०,०००। भुक्तानी भएको छ।यसरि पालिकाले पदाधिकारीलाई आर्थिक सहायता दिने कार्य नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

## १८ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९५९३३६४४ | २०२४०१८.९२ | ०.६८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## १९ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा कुल अनुमानित आय रु . ४०१८८३२००।०० प्राप्त हुने प्रक्षेपण गरेकोमा रु ३७,१३,०५,१०७.४५ (८६.२४ प्रतिशत) प्राप्त भएको मध्ये आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु रु.३३००००००।०० भएकोमा आर्थिक वर्ष २०८०।८१ मा रु २०२४०१८.९२ अर्थात अनुमान भन्दा ३८.६६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

## २० पूजिगत शिर्षकमा चालु प्रकृतिको खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई निम्न बमोजिम पूँजीगत शीर्षकबाट रु.१७,००,०००।०० भुक्तानी दिएको पाईयो ।

\

| क्र सं | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १ | सुद्ध खानेपानी कार्यक्रम अन्तर्गत ५३५ वटा फिल्टर वितरण कर्मचारी मानबहादुर साहु बाट पेश्की लिइ सोधभर्ना लिएर | बहुक्षेत्रिय पोषण कार्यक्रम | १०००००० |
| २ | उत्कृष्ट स्वास्थकर्मी कर्मचारी लाई पुरस्कार वितरण | बहुक्षेत्रिय पोषण कार्यक्रम | ७००००० |
| | जम्मा | | १७००००० |

यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

## २१ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २२ कन्टिन्जिन्सी खर्च

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी

किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ। साथै महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु १३,२८,७६१।०० खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन्। सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

| क्र.सं. | कार्यक्रमको नाम | लागत अनुमान | कन्टिन्जिन्सी प्रतिशत | कन्टेन्जेन्सी खर्च रु |
|---|---|---|---|---|
| १ | भागेश्वर गा.पा.२, नौतेडी-विस्तडी सडक पूर्वाधार | ५०००००० | ४ | १६९३९५ |
| २ | डडेल्धुरा जिल्ला भागेश्वर गा.पा. ५ भागेश्वर मन्दिर धुरा पर्यटन पुर्वाधार तथा पहुँचमार्ग निर्माण | १९२०००० | ४ | ६७५०० |
| ३ | सुरक्षित नागरिक आवास कार्यक्रम :- सुदूरपश्चिम प्रदेशको डडेलधुरा जिल्ला क्षेत्र नं. १ अन्तर्गत भागेश्वर गाउँपालिका- १३३ वटा (क्रमागत) | २८०००००० | ४ | ७३२४६ |
| ४ | बसेल, जेयूडाकाँन्ला , बिस्ताडी , चाल्से , भागेश्वर गाउँपालिका , डडेलधुरा , वडा नं 3 नानिगाड झो.पु , वडा कार्यालय र स्कुल झर्नेखोला र स्कुल बस्तीमा पर्ने नानीगाड खोला जोड्ने , मुल्याडागा झो.पु-वडा नं. 3- चनायल र लामिकाण्डे जोड्ने , , | | ४ | ३५१६२ |
| ५ | सिराड स्वास्थ्य चौकी भवन निर्माण | ३८८६००० | ४ | १५९८२३ |
| ६ | ढडानी लिफ्ट सिचाई योजना | | ४ | ८८६५० |
| ७ | बिस्तडी, नौतडी , रुईनपाटा , बयलपाट पाण्डेयगाउँ , लास , लाटादेउ बृहत लिफ्ट सिचाई योजना | | ४ | ३९३१४ |
| ८ | बर्थिङ सेन्टर निर्माण | | ४ | ८८६५० |
| ९ | बयलपाट दुनि पोलेक सडक निर्माण | १४४०००० | ४ | ६०००० |
| १० | बयलपाटा दुनी पोलेक सडक , | १९२०००० | ४ | ८०००० |
| ११ | बलकाण्डे चुडी सडक निर्माण | १८२४००० | ४ | ७६००० |
| १२ | अन्य वडा स्तरिय योजनाहरु | | ४ | ३९१०२१ |
| जम्मा | | | | १३२८७६१ |

## २३ पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवैको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न उपभोक्ता समितिलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्योट नभई रु. ८२९२०० म्याद नाघेको पेश्की फर्स्योट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्योट गर्नुपर्ने रु.

| सि नं | पेश्कीको विवरण | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|---|
| १ | श्रव्य दृष्य प्रचारप्रसार तथा निर्माण | पश्चिम एक्सप्रेस मल्टिमिडिया एण्ड रिसर्च प्रा.लि. | १५०००० |
| २ | मातृ, शिशु तथा किसोरीको पोषण अवस्था सुधारकालागि वहुक्षेत्रीय पोषण कार्यक्रम | मानसखण्ड मिडिया प्रा.ली. | ७९२०० |
| ३ | सिराड स्वास्थ्य चौकी भवन निर्माण | एम.वि.कन्ट्रक्सन | १५०००० |
| जम्मा | | | ३७९२०० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **३००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ३,७९,२०० |

## २४ आन्तरिक लेखापरीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ अनुसार स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षकले औल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगाबै सम्परीक्षण गराउनु पर्ने व्यबस्था छ ।यस पालिकाको आन्तरिक लेखापरीक्षणबाट कायम गरेका व्यहोरा अन्तिम लेखापरीक्षण गराउनु अगाबै सम्परीक्षण गराउनु पर्नेमा नगराएकोले यसै प्रतिबेदनमा निम्न अनुसार कायम गरीएको छ।

२४.१ बेरुजुको व्यहोरा:-

मिति २०८१।३।२२ गतेको गापा चालु गो भौ नं ८३४ अन्तर्गत भागेश्वर किराना पसललाई भुक्तानी गरेको रकम रु२२०८० र गापा चालु गो भौ नं ४४५ बाट सोही किराना पसललाई रु १७४८० गरि रु ३९५६० रकमको भुक्तानीमा खर्च पुष्टीका आधारमा कार्यालयमा हुने स्टाप मिटिङ्ग, विभिन्न मितिका वोलपत्र मुल्याङ्कन समितिका माईन्युट राखिएको छ । जबकी यिनै संलग्न माइन्युटका आधारमा पालिका क्यान्टिन नागार्जुन होटल एण्ड लज बाट समय –समयमा विविध खर्च विल भुक्तानी भइरहेको हुन्छ । तसर्थ उक्त माइन्युट र विलका आधारमा खर्च गरिएको भुक्तानी नियम संगत देखिदैन । अतः यी र यस्ता किसिमका भुक्तानीमा कार्यलयले विविध खर्चलाइ मितव्ययी र नियन्त्रण गर्नुपर्छ ।

२४.२

| क्र.सं. | बेरुजुको व्यहोरा | असुल गर्नुपर्ने |
|---|---|---|
| १ | **सम्झौता अनुसारको काम तथा विल नभइ बढी भुक्तानीः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) को उपनियम(१०) मा कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।मिति२०८०।९।२३ गतेको गा पा चालु गो भौ नं २६१ अन्तर्गत लिपुलेक मिडिया एण्ड टेक्नोलोजि प्रालि संग वृत चित्र निर्माणका लागि भएको सम्झौता रु१२५००० को छ। तर संलग्न विल रु१०८७५० को १३% भ्याट रु१४१३७।५ गरी जम्मा रु१२२८८७।५ हुन आउंछ ।तर कार्यालयले १२५००० रकम भुक्तानी गरेको छ । अतः सम्झौता अनुसारको रकम भन्दा कम काम भएको ठहरिन्छ ।तसर्थ बढी भुक्तानी भएको रकम असुल उपर हुनुपर्ने ।<br>भुक्तानी रु१२५०००<br>संलग्न विल रु १२२८८७।५<br>वढी भुक्तानी रु२११२।५<br>कर कट्टी बाहेक असुल उपर हुनुपर्ने रु१८३७ | १८३७ |
| **जम्मा वेरुजु रु** | | १८३७ |

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **४४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **८५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८३७ |

२५ **स्थानीय तहका पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रू.५३,९१,५००। सुविधा वापत भुक्तानी भएको छ ।जुन कुल आन्तरिक आय रू.२०,२४,०१८।९२ को २६६ प्रतिशत हो।

२६ **बिदेश भ्रमण**

भौ.नं. ४८० मिति २०८०।१२।०९ स्थानिय तहका पदाधिकारी बिदेश भ्रमणमा जादाँ संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिनुपर्दछ।गा.पा. अध्यक्ष हेमराज चटौत लाई Dec.१३ देखि Dec. २० सम्म चिनमा आयोजना हुने “The fist Belt & Road Chinese University & overseas parter Exchange Conference” मा सहभागि हुन पालिकावाट रू.२,८१,५९४। भुक्तानी भएकोमा मन्त्रालयको सहमति लिएको पाईएन। बिदेश भ्रमण गर्दा अनिवार्य रूपमा संघिय मामिल तथा सामान्य प्रशासन मन्त्रालयको सहमति लिने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

२७ **पदाधीकारीलाई घरभाडा भुक्तानी**

भौ.नं. ५४७ मिति २०८१।०१।०९ सुदुरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा २(१) मा गाउँ कार्यपालिका अध्यक्ष तथा अन्य पदाधिकारिको सुविधा अनुसुची-१(क) मा उल्लेख भए वमोजिमको हुने व्यवस्था छ। अनुसुची -१(क) मा पदाधिकारीलाई घरभाडाको सुविधा सम्बन्धमा कुनै व्यवस्था गरेको छैन। गाउँपालिका अध्यक्षको आवासको लागी जिल्ला सदरमुकाममा मिती २०८० श्रावणमा भएको सम्झौता वमोजिम घर भाडामा लिई ९ महिनाको जम्मा रू.१,२८,४९६। घरधनीलाई भुक्तानी भएको देखिन्छ। गाउँपालिकाको क्षेत्रवाहिर घर भाडामा लिई रकम भुक्तानी गरेको कार्य नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | १,२८,४९६ |

२८ **घरभाडा भुक्तानी**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७३ मा सभा बाट स्वीकृत बजेट खर्च गर्दा प्रमुख प्रशासकीय अधिकृतले बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । सार्वजनिक स्रोतको उपयोग कानुन बमोजिम गर्नुपर्दछ । पालिकाले यो वर्ष कर्मचारीको लागी कोठा भाडा वापत रू.६,७०,०००।०० भुक्तानी गरी खर्च लेखेको छ । कर्मचारीहरु तथा पदाधिकरीहरुको आवास सुविधाको रुपमा कोठा भाडा उपलव्ध गराउने कानुनी व्यवस्था नभएकोले यस्तो भुक्तानी नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ६,७०,००० |

२९ **वैठक भत्ता**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ को परिच्छेद- सात को वुदा नम्बर ७.१.१ मा बैठक भत्ताको मापदण्ड सम्बन्धि व्यवस्था गरिएको छ।जस अनुसार कानून अनुसार गठन भएका समितिहरूको वैठकका लागि मात्र भत्ता प्रदान गर्ने उल्लेख छ। पालिकाले देहाय अनुसार कानून खरिद समितिको वैठक भत्ता वाफत जम्मा खुद रू. ३०,६००। भुक्तानी गरेको छ। खरिद समितिको वैठक भत्ता भुक्तानी गर्न नमिल्ले भएकोले उक्त रकम सम्बन्धिवाट असुल गर्नुपर्ने रू.

| क्र.सं. | भौ.नं. र मिति | कर्मचारिको नाम | वैठकको मिति | खुद भुक्तानी |
|---|---|---|---|---|
| ६ | ९३-२०८०।०७।२२ | मान व. शाहु- समिति सदस्य | २०८०।०५।०४ | १२७५ |
| जम्मा | | | | १२७५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१,२७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२,५५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,२७५ |

३० **विविध कार्यक्रम (पालिका चालु)**

भौ.नं. ५६ मिति २०८०।०६।२६ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धि प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेको वाल दिवश र हरितालिका तिज कार्यक्रममा कार्यक्रमको प्रतिवेदन संलग्न नगरी रू.४५,७००। रकम खर्च गरेको छ । कार्यक्रमको प्रतिवेदन नै तयार नगरी रकम भुक्तानी गर्नु नियम सम्मत देखिएन।यस्तो भुक्तानी नियन्त्रण गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

३१ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आप्नो कार्य क्षेत्र भन्दा वाहिरको

कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसारको खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स. | भौ.नं. / मिति | विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ३३५-२०८०।१०।१५ | नेपाल रेडक्रस सोसाईटी, डडेल्धुरा - रत्त संचार सेवाको लागी | १००००० |
| २ | ३४८-२०८०।१०।१६ | डडेल्धुरा जेसिज | ६०००० |
| ३ | ५१७-२०८०।१२।२५ | महिला मुक्ति समाज | ५०००० |
| ४ | ७७१-२०८१।०३।१२ | उद्योग बाणिज्य संघ डडेल्धुरा | १००००० |

### ३२ भ्रमण खर्च

सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ वमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्चमा रू.२३,९४,३२०। र अनुगमन मुल्याकंनमा रू.९,९८,७५९। गरि जम्मा रू.३३,९३,०७९। खर्च गरेको छ। तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

### ३३ लागत अनुमान तयार नभएको (पालिका चालु)

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक खरिद निकायले कुनैपनि खरिदको लागत अनुमान तयार गर्नुपर्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ ले लागत अनुमान तयार गर्ने आधारहरू तोकेको तथा नियम १४ ले अधिकार प्राप्त अधिकारीबाट लागत अनुमान स्विकृत गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरेको छ। लागत अनुमान वेगरको खरिदले विश्वसनियता, पार्दशिता, जवाफदेहिता, प्रतिष्प्रर्धा र उत्तरदायित्वलाई कमजोर बनाउने हुँदा यस्तो कार्य नियमित हुनुपर्दछ।

| क्र.सं. | भौ.नं. र मिति | फर्म | विवरण | रकम |
|---|---|---|---|---|
| १ | ५२२-२०८०।१२।२५ | शर्मा इम्पेक्स | कोल्ड स्टोरका लागि सामान खरिद | ३२७९७०। |
| २ | १०८-२०८०।१२।०५ | शर्मा इम्पेक्स | फिल्टर खरिद | ६३३६५३। |
| ३ | २३६-२०८१।०३।०७ | साइनो फर्निचर निर्माण | पोषण कर्नर | २१३०४८। |
| ४ | ७६४-२०८१।०३।१२ | स्टयानडर्ड अर्थमुभर्स | ब्याकहो लोडर मर्मत | ३७७५७१। |
| | जम्मा | | | १५५२२४२। |

| अनियमित भएको | १५,५२,२४२ |
|---|---|

### ३४ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

### ३५ जरिवाना- विमा नविकरण (पालिका चालु)

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण

गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्नानुसार विमा नविकरण ढिलो गरेकोले जरिवाना स्वरूप रू.३,३००। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| क्र.सं. | भौ.नं. र मिति | गाडि नं. | महशुल | रकम |
|---|---|---|---|---|
| १ | ८०५-२०८१।०३।१७ | ०४-००१-व-०११२ | ४९०० | ११०० |
| २ | ८०५-२०८१।०३।१७ | से-१-ब-४७१ | ५७०० | ११०० |
| ३ | ८५३-२०८१।०३।२३ | से-१-ब-५७३ | ५९०० | ११०० |
| **जम्मा** | | | **१६,५००।** | **३,३००।** |

| | |
|---|---|
| अनियमित भएको | ३,३०० |

३६ **डोजर, एम्बुलेन्स मर्मत**

पालिकामा रहेको डोजर, एम्बुलेन्स मर्मत तथा ईन्धनमा यो बर्ष कार्यालयले रु.२३,८२,७४०। खर्च गरेकोमा उक्त डोजर, एम्बुलेन्स भाडामा लगाएबापत कार्यालयले रु.१३,७९,०२०। आम्दानी गरेको छ। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

| मेशिनरी | संख्या | मर्मत तथा ईन्धन रकम | आम्दानी रकम |
|---|---|---|---|
| डोजर | १ | २०६२८५५ | ११९९०२० |
| एम्बुलेन्स | १ | ३१९८८५ | २६०००० |
| जम्मा | | २३८२७४० | १३७९०२० |

३७ **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरि मितव्यिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनको लागी रू.६,८०,२०६ र पदाधिकारीको लागी रू.३,९४,५५३। गरि जम्मा रू.१०,७४,७५९। ईन्धन बापत खर्च भएको पाईयो। कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्यविवरण माइल मिटर, सवारी साधन नं. आंशिक रूपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन।

३८ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सुचिकृत व्यक्तिलाई न्युनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचिमा समावेश भएकाहरूलाई प्राथमिकरण गरि कामका लागि रोजगार कार्यक्रम सञ्चालन गराई रोजगार दिनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले वेरोजगारहरूको प्राथमिकरण गर्ने सुचक तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरि वेरोजगारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन। श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उदेश्य अनुरूप रोजगार उपलब्ध गराउन नसकिएका कारण लक्ष्य हासिल गर्ने गरि कार्यक्रम कार्यान्वियन भएको पाइएन। यस कार्यक्रम अन्तर्गत स्थानिय तहभित्रका वडाहरूमा तटबन्ध निर्माण, बाटो निर्माण, पर्खाल निर्माण, नाली निर्माण, मन्दिर निर्माण, कुलो निर्माण, ताल संरक्षण कार्य, खेल मैदान निर्माण लगायतका कार्यक्रम सञ्चालन गरि १९ योजनामा ७५ जनालाई औषतमा ९४ दिन रोजगारी उपलब्ध गराई श्रमिक ज्याला प्रशासनिक खर्च तथा कार्यक्रम खर्चमा रू.४७,०९,४०० खर्च गरेको छ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएतापनि कामको दिगोपना तथा दिर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन।

रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पुर्वाधार विकास तथा स्वरोजगार क्षमता अभिवृद्धि गर्ने मुख्य लक्ष्य रहेको उक्त कार्यक्रममा रोजगारमुखी योजना कार्यान्यिन गर्दा वजेट, वेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरि कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नुपर्नेमा सो वेगर वजेट खर्च भएको छ। यस्तो प्रक्रियामा सुधार हुनुपर्दछ।

## ३९ विपद व्यवस्थापन तर्फ

३९.१ **समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थपन समिति गठन गर्नुपर्ने व्यवस्था छ ।यो बर्ष समिति गठन भई २ वैठक वसेका छन्। पालिकाले ऐनमा तोकिएबमोजिम समिति गठन गरे पछि समय समयमा वैठक बसि वैठकका निर्णयलाई कार्यान्वियन गर्दै समितिलाई तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ ।

३९.२ **विपद व्यवस्थापन कोष** - विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद व्यवस्थापन कोष रहने र कोषमा रहने रकम स्थानीय तहले बनाएको नियम बमोजिम खर्च हुने व्यवस्था रहेको छ। प्रकोप व्यवस्थापन कोषमा गत वर्षको मौज्दात रू.३४,९३,५२९। र यो बर्ष थप रू.२३,९०,०००। गरि जम्मा आम्दानी रू.५८,८३,५२९। भई रू.१०,८८,१११। खर्च भएको र रू.४७,९५,४१८।४२ बाँकी देखिन्छ । विपद व्यवस्थापन सम्बन्धी कार्यलाई प्रणालीगत तथा संस्थागत बनाउन आवश्यक कानूनी तथा संस्थागत व्यवस्था गर्नुपर्दछ।

## ४० गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसुची ३ को दफा ११ मा नयाँ लघु उद्यमी सिर्जना तर्फ विनियोजित कुल वजेटको २४ देखि ३३ प्रतिशत खर्च स्थानीय तहले सेवा करार सम्झौता गरी उद्यम विकास सहजकर्ता परिचालनमा खर्च गर्न सक्ने व्यवस्था छ। जसअनुसार कुल विनियोजित वजेट रू.९,२०,०००। को अधिकतम रू.३,०३,६००। खर्च गर्न पाउनेमा पालिकाले २ जना कर्मचारी करारमा नियुक्ति गरी बर्षभरि पालिका चालु वाट रू.२,८३,२१६ र शसर्त चालुवाट रू.५,९२,२३६। गरि जम्मा रू.८,७५,४५२ खर्च लेखेको छ। जुन खर्च गर्न पाउने अधिकतम सिमा भन्दा रू.५,७१,८५२ बढी हो। यसरी निर्देशिकाले तोकेको सिमा भन्दा वढी देखिएको खर्च नियमित हुनुपर्दछ।

| | |
|---|---|
| अनियमित भएको | ५,७१,८५२ |

## ४१ शिक्षा तर्फ

४१.१ **शैक्षिक गुणस्तर** – सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वियन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामाग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यबस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुद्रिढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धि कुनै पनि कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ।

४१.२ **विद्यालयमा इन्टरनेट व्यवस्थापन अनुदान** - शिक्षा तथा मानव श्रोत केन्द्रबाट जारी कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को २.८.५ को क्रियाकलाप २.७.१३.१० को ५.५ मा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनको लागि वार्षिक रु.१२,०००।०० को दरले अनुदान उपलब्ध गराउने र विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ३२ वटा

विद्यालयलाई इन्टरनेट व्यवस्थापनको लागि प्रति विद्यालय १२,०००।०० को दरमा रु.३,८४,०००।०० रकम निकासा भएकोमा विद्यालयमा इन्टरनेट जडान तथा प्रयोगको अवस्थाबारे पालिकाबाट नियमितरुपमा अनुगमन हुनुपर्दछ।

४१.३ **विद्यालयको लेखापरीक्षण** - भौ.नं. १३५ मिति २०८०।१२।२२ पालिकाले मातहतका विद्यालयहरुको तोकिएको समयमा लेखापरीक्षण गराउनु पर्दछ। पालिकाले विद्यालयको आ.व. २०७९।८० को लेखापरीक्षण गर्न ३२ विद्यालयहरुलाई रु.३,६०,०००। भुक्तानी गरेको छ । आ.व. २०८०।८१ को लेखापरीक्षणको क्रममा ३२ वटै विद्यालयले लेखापरीक्षण प्रतिवेदन पालिकामा वुझाउन बाँकी रहेको देखिन्छ। अतः पालिकाले समयमै सम्पूर्ण विद्यालयहरुको लेखापरीक्षण गर्न लगाई देखिएका व्यहोरा उपर आवश्यक छलफल गरी सुधार गर्नु पर्दछ ।

सोधभर्ना नलिएको

४१.४ **सामादायिक सिकाई केन्द्र** - स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाई केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण शभा बाट बजेट र कार्यक्रम प्राप्त गरेको, गत आ.व को खर्च स्वीकृत गरेको र लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ। शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाई केन्द्र सञ्चालन बापत निम्न सिकाई केन्द्रलाइ सञ्चालन अनुदान निकासा भएको देखियो।उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन। अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्दछ।

| **क्र.स.** | **सिकाई केन्द्रको नाम** | **रकम** |
|---|---|---|
| १ | वगरकोट सामुदायिक सिकाई केन्द्र | १,२०,०००। |
| २ | भागेश्वर सामुदायिक सिकाई केन्द्र | १,२०,०००। |
| **जम्मा** | | **२,४०,०००।** |

४१.५ **दिवा खाजा** - आर्थिक वर्ष २०८०।८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को अनुसूची ४(ख) मा ४ देखि ९ बर्ष उमेरका बालबालिकाका लागि दैनिक आवश्यक पर्ने वृहत र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ। त्यसै गरि उक्त अनुसूचिले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थिलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थिलाई नगद उपलब्ध नगराउने उल्लेख छ ।पालिकाले शसर्त अनुदानबाट कुल ३२ विद्यालयका ३४६२ विद्यार्थिको लागि दिवा खाजा बापत रू.४२,७५,८४०। विद्यालयको खातामा रकम निकासा गरेको पाइयो। दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन। निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थिहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य कुनै सम्वन्धित निकायबाट अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन। त्यसैले पालिका र यससँग सम्वन्धित निकायले अनुगमन गरि सहि सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

४१.६ **अनुदान ब्यवस्थापन** - कार्यक्रम कार्यान्यिन पुस्तिका २०८०।८१ मा भएको ब्यवस्था अनुसार स्थानीय तहले अनुदान प्राप्त विद्यालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०८०।८१ मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम

प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिकाले कार्यक्रम कार्यान्वियन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| क्र.सं. | विद्यालयलाई गएको अनुदान | रकम |
|---|---|---|
| १ | शिक्षण सहयोग अनुदान | ४६,९५,२९४ |
| २ | छात्रवृत्ति अनुदान | ९,७९,६०० |
| ३ | दिवा खाजा | ४,२७,५८४० |
| ४ | पाठ्यपुस्तक | १,९९४,५८७ |

४१.७ **शिक्षक विद्यार्थी अनुपात** - स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्युन विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको शिफारिसमा जिल्ला शिक्षा समितिले वन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ। निर्देशिकाको बुंदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्यांक संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका ३२ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ।

| क्र.स. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | युवावर्ष प्रा.वि. | ३ | ३ | १७ | १:६ |
| २ | भागेश्वर आ.वि. | ५ | ५ | ४२ | १:८ |
| ३ | मंगलेश्वर प्रा.वि. | ४ | ४ | ५१ | १:१३ |
| ४ | महादेव प्रा.वि. | २ | २ | ४६ | १:२३ |
| ५ | समैजी प्रा.वि. | २ | २ | ६७ | १:३३ |
| ६ | भागेश्वर आ.वि. | ३ | ३ | १२२ | १:४१ |
| ७ | नमुना प्रा.वि. | १ | १ | ६३ | १:६३ |

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यालयमा शिक्षक विद्यार्थी अनुपात १:६ देखि १:६३ सम्म रहेको प्राप्त विवरणवाट देखिन्छ। सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत वढ्न गएको अवस्था देखिन्छ। अत: न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ।

४२ **स्वयं सेवक शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले १३ विद्यालयमा १७ जना नगर शिक्षक नियुक्त गरी विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.३५,५९,६१६। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र राजस्व बाँडफाड वाट भुक्तानी गर्नुपर्नेमा सो अनुसार नभएकोले यस्तो भुक्तानी नियम सम्मत देखिएन।

| क्र.सं. | भौ.नं. र मिति | त्रैमासिक | भुक्तानी भएको स्रोत | भुक्तानी रकम | विद्यालय | शिक्षक संख्या |
|---|---|---|---|---|---|---|
| १ | २८-२०८०।०६।२१ | प्रथम | राजस्व बाँडफाड | ११,५४,५०० | १३ | १७ |
| २ | २६२-२०८०।०९।२३ | दोस्रो | राजस्व बाँडफाड | ८,३५,२५० | १३ | १७ |
| २ | ४९७-२०८०।१२।२२ | तेस्रो | राजस्व वाडँफाँड | ८,६९,६६६ | १२ | १६ |
| २ | ७८९-२०८१।०३।१४ | अन्तिम | राजस्व वाँडफाँड | ७,००,२०० | १३ | १६ |
| जम्मा | | | | ३५,५९,६१६। | | |

## ४३ औषधी खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यो वर्ष औषधी खरिदमा रू.३०,८७,०००। वजेट विनियोजन भएकोमा रू.३०,३३,४०५। प्रतिस्प्रर्धा वेगर सोझै खरिद मार्फत विभिन्न ४ फर्मलाई रकम भुक्तानी दिएको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने, खरिद गर्दा प्रतिस्प्रर्धात्मक विधि अपनाउने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## ४४ eLMIS प्रयोगको अवस्था

स्वास्थ्य सेवा विभागको परिपत्र बमोजिम सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा औषधी तथा औषधीजन्य स्वास्थ्य सामाग्रीहरू eLMIS मा जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ।पालिकाले खरिद गरेको रू.३०,३३,४०५। को स्वास्थ्य सामग्री लेखापरीक्षणको क्रममा eLMIS मा प्रविष्ठि गरेको पाईएन। खरिद गरिएका सम्पुर्ण स्वास्थ्य साम्रगीहरूको उपयोग गर्दै व्यवस्थित अभिलेखका लागी eLMIS को प्रयोग गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

## ४५ बहुक्षेत्रीय पोषण कार्यक्रम (शसर्त चालु)

भौ.नं. २०६ मिति २०८१।०२।२८ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।३।३ मा वजेट खर्च सम्बन्धी निर्देशन जारि गरेको छ। कार्यक्रममा महिला सहकारी तथा समुहमा अनुदान परिचालन अन्तर्गत अनुदान व्यवस्थामा छनौट भएको महिला सहकारीका सदस्यलाई प्रति सदस्य रू.२५ हजारका दरले रकम रकम दिने उल्लेख छ। कार्यक्रममा यो बर्ष रू.२१ लाख वजेट विनियोजन भएकोमा रू.१८ लाख खर्च भएको छ। तर पालिकाले पाण्डेय एग्रो एण्ड सप्लायर्स बाट रू.१६,२५,२५०।को बाख्रा खरिद गरि ७५ परिवारलाई २ वटा वाख्रा गरि जम्मा १५० बाख्रा वितरण गरेको छ। यसर्थ कार्यविधिको पालना गर्दै रकम भुक्तानी प्रश्चात समय समयमा अनुगमन गरि अनुदान कार्यलाई प्रभावकारी वनाउनुपर्दछ।

## ४६ सोधभर्ना लिनुपर्ने

भौ.नं. ३४ मिति २०८१।०३।२४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अधि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। विपद व्यवस्थापन कोष शिर्षकवाट ६ जनालाई औषधी उपचार खर्च वापत रू.३,२०,०००। भुक्तानी भएकोमा सोधभर्ना नलिएकोले सोधभर्ना लिनुपर्ने रू.

| | |
|---|---|
| सोधभर्ना नलिएको | ३,२०,००० |

## ४७ कृषि पकेट कार्यक्रम

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वियन म्यानुअल २०७७ को बुदाँ नं. ४.१.४ अनुसार कार्यक्रम सञ्चालनको लागि न्युनतम क्षेत्रफल/संख्या निर्धारण गर्ने, कार्यक्रम सञ्चालनको लागि लक्षित समुदाय/वर्ग छनौट गर्ने, तालिम तथा

क्षमता विकास कार्यक्रम तथा उत्पादन मुलक कार्यक्रम सञ्चालन गर्ने, सम्बन्धित कृषकसँग सम्झौता गरेर मात्र अनुदान उपलब्ध गराउने, कार्यक्रमको नियमित अनुगमन तथा चौमासिक र वार्षिक प्रगति प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पकेट विकास कार्यक्रम अन्तर्गत आलु पकेट र तरकारी पकेटमा यस आर्थिक वर्षमा ५० प्रतिशत अनुदानमा रू.१२,००,०००। खर्च भएको छ। पालिकाले एकिकृत रुपमा पकेट विकास हुने गरि कार्यक्रम सञ्चालन नगरि पटक पटक कृषि औजार र विउ विजन खरिदको आधारमा अनुदान उपलब्ध गराइ खर्च गरेको देखियो। खर्च रकमको अनुगमन, मासिक तथा चौमासिक प्रगति प्रतिवेदन तयार गरेको छैन। जसबाट भुक्तानी रकम तोकीएको कार्यक्रममा खर्च भएको नभएको तथा म्यानुअल अनुसार पकेट निर्माण हुने नहुने एकिन हुन र गरिएको खर्चबाट अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। अत: कार्यक्रम सञ्चालन म्यानुअलले तोकेको प्रक्रिया पुरा गरी प्रतिफल प्राप्त हुने गरी खर्च गर्नेतर्फ ध्यान दिनुपर्दछ।

## ४८ म्याद थप

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| सि नं | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | म्याद सम्बन्धि विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमा कायम भएको मिति | सम्झौता रकम |
| १ | BRM/DAD/ NCB/Works/ 080/081/01 | construction of birthing center ward no 2 lekuda | M.B Construction | 7/24/2080 | 1/30/2081 | म्याद थप भएको छैन | ३६३८७२४ |
| २ | BRM/DAD/NCB /Works/080/081/06 | Bistadi Nautadi bayalpata pandegaun lass Latadeu Lift Irragation Project | Shiv Constrction and Suppliers | 12/22/2080 | 3/20/2081 | थप भएको छैन | २८९८०८९ |
| ३ | BRM/DAD/ NCB/Works /080/081/08 | construction of ward level Health Care Center Bhagesgwor 05 | m.B Construction amargadhi 05 dadeldhura | 1/14/2081 | 3/20/2081 | थप भएको छैन | २८७१८५७ |

सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

सम्झौतामा व्यवस्था भए अनुसार कार्यतालिका बमोजिम काम सम्पन्न गराउनु पर्दछ ।

## ४९ पूर्वनिर्धारित क्षतिपूर्ति

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा खरिद सम्झौतामा तोकिएको म्यादभित्र कार्य सम्पन्न नगरेमा पूर्वनिर्धारित क्षतिपूर्ति लिनुपर्ने व्यवस्था छ । आपूर्तिकर्ता, परामर्शदाता, सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नवढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शुन्ना दशमलब शुन्ना पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने तर निजको काबु बाहिरको परिस्थिति परी वा कुनै गल्ति वा हेलचेक्र्याई नभई कार्यसम्पादन वा आपूर्ति गर्न ढिला भएमा त्यस्तो क्षतिपूर्ति

तिर्न नपर्ने भनि उल्लेख छ । कार्यालयले निम्न निर्माण व्यवसायी सँग कोटेसन विधिबाट सम्झौता गरि निर्माण कार्य खरिद गर्दा सम्झौतामा उल्लेखित म्याद नाघेर भुक्तानी गरेको देखियो ।

| कार्य | निर्माण व्यावसायीको नाम | PAN No | काम सक्नु पर्ने मिति | काम सकेको मिति | सम्झौता रकम | ढिला भएको दिन | जरिमाना |
|---|---|---|---|---|---|---|---|
| सडक निर्माण | Laxmi Nirman Sewa | 303386610 | २०८०।३।२० | २०८०।६।२६ | ५७७२०० | १०० | २८८६० |
| टप्पा रुपाल सडक | Ayusha Nirman Sewa | 305330642 | २०८०।३।२० | २०८०।६।२९ | ६०९०३४ | १०२ | ३१०६१ |
| जम्मा | | | | | | | ५९९२१ |

यसरी खरिद सम्झौताको शर्तअनुसार तोकिएको समयमा कार्य गर्न नसकेको मनासिब माफिकको कारण खुलाई म्याद थप गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा निर्माण व्यावसायीबाट अशुल गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,९२०.७३ |

५० **विल पेश नगरेको**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ । पालिकाले वडा नं को भवन निर्माण कार्यमा पुष्प कन्स्ट्रक्सन प्रथम विल भुक्तानीमा ल्याव टेस्टको रु ३७९२५।०० रकमको विल विना भुक्तानी भएको हुँदा नियमानुसार विल पेश गर्नु पर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,९२५ |

५१ **सोझै खरिद**

खरिद ऐन, 2063 को नियम 8.2 अनुसार यो ऐन र अन्तर्गत बनेको नियम बमोजिम प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। कार्यालयले निम्न प्रकारको योजनाहरु टुक्रा बनाई धेरै जसो सडक निर्माणका कार्यमा सोझै खरिद गरेको देखिन्छ । यसरी टुक्रा गरी खरिद गर्दा प्रतिस्पर्धा न्यून भएको कारणले सरकारी व्ययभार वढेको अवस्था छ। यस सम्बन्धमा यर्थाथता यकिन गरी यसरी टुक्रै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।यसका केही उदाहरण:

| क्र.सं. | निर्माण व्यवसायीको नाम | कामको विवरण- चेनेज खुल्ने गरी | लागत अनुमान कन्टेन्जेन्सी बाहेक VAT समेत | भुक्तानी रकम VAT समेत |
|---|---|---|---|---|
| १ | आरती निर्माण सेवा | सडक मर्मत | ८५२४७४ | ८४९९१६ |
| २ | आरती निर्माण सेवा | सडक मर्मत | | ४४९९१६ |
| ३ | साइनो कन्सट्रक्सन | सडक मर्मत | ३९१५७७ | ३९१५७७ |
| ४ | मिनाक्षी कन्सट्रक्सन | सडक मर्मत | | १८०६०५ |
| ५ | मिनाक्षी कन्सट्रक्सन | सडक मर्मत | ७९०१२९ | ७८६५८२ |
| ६ | इमर्जीङ्ग अल्टरनेटीभ सष्टेनेवल टेक्नोलोजि प्रा.लि. | सोलार जडान | | ७९९४८८ |
| ७ | श्री मणिलेक एण्ड सहस्त्रलिङ्ग निर्माण सेवा | सडक निर्माण | | ५६२२१ |
| ८ | आकाश निर्माण सेवा | सडक निर्माण | ३१०३६७ | १६०९१७ |
| ९ | डि.डि कन्स्ट्रक्सन | सडक कलभर्ट निर्माण | ९९४९८६ | ९६०७२० |
| १० | शिव कन्स्ट्रक्शन एण्ड सप्लायर्स | सडक मर्मत | ८४८९०० | ४२५०३५ |
| ११ | लक्ष्मी निर्माण सेवा | सडक निर्माण | ६७६०५१ | ६३७९९८ |
| १२ | आयुषा निर्माण सेवा | सडक मर्मत | ७१२५९९ | ५३१५३८ |
| १३ | पारभती निर्माण सेवा डडेल्धुरा | सडक मर्मत तथा स्तरोन्नती | ८५३७९५ | ९६२७७५ |
| | | जम्मा | | ७१९३२८८ |

५२ **अधुरा आयोजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले स्रोत सुनिश्चित नभएका कारण देखाई यो वर्ष देहायअनुसार का योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरो रहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले स्रोत सुनिश्चित गरेर मात्र ठेक्का लागाउने गरि जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| सि नं | ठेक्का नं. | कामको विवरण | निर्माण व्यवसायीको नाम र ठेगाना | म्याद सम्बन्धि विवरण | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | सम्झौता मिति | काम समाप्त गर्नुपर्ने मिति | म्याद थप भएकोमा कायम भएको मिति | सम्झौता रकम |
| ४ | BRM/DAD/NCB/ Works /2077/ 078/06 | साउल झरना निर्माण | शिवालय निशान किनारा जेभी | ८/२९/२०७८ | ११/२९/२०७९ | २०८१/२/३० त्यस पछी म्याद थप भएकै छैन | १४५६३७९० |

५३ **उपभोक्ता समितिलाई बढी दरमा भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात

अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ । पालिकाले निम्नलिखित सडक निर्माण कार्यमा उपभोक्ता समितिहरुलाई लागत अनुमान गर्दा मेशीन प्रयोग गरि नरम माटो खन्ने प्रति घन मिटर रु ९१।७५, सवै प्रकारको माटो खन्ने प्रति घन मिटर रु ३१०।०० र कडा चट्टान खन्ने कार्य प्रति घनमिटर रु १८००। को दरले तयार गरी प्राविधिक मुल्याङ्कन गरेर उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गराई पालिकाले प्रयोग गरेको सडक विभागको नर्मस् मा बढि दर राखी उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। यसरी बढी भएको रकम सम्बन्धमा पालिकाबाट यकिन गरी अशुल हुनुपर्दछ।

| क्रं सं | उपभोक्ता समितिको नाम | Items (Mechanical) | गरेको काम in cum | पालिकाको दर रेट | सडकको NORMS अनुसार | Difference in rate | बढी भुक्तानी | जम्मा बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| १ | बोगटा चैनपुर सानिगाउँ सडक निर्माण उ स | All Types of Soil Excavation | १५४२.९८ | ९१.७५ | ७४.०४ | १७.७१ | २७३२६.१८ | १०६४२४.३३ |
| | | Ordinary Rock Excavation | ९००.०७ | ३१०.०० | २२२.१२ | ८७.८८ | ७९०९८.१५ | |
| २ | बयलपाटा दुनी सडक निर्माण उ स | All Types of Soil Excavation | ५४९७.०० | ९१.७५ | ७४.०४ | १७.७१ | ९७३५१.८७ | ४५९३४७.४९ |
| | | Ordinary Rock Excavation | २५२१.३४ | ३१०.०० | २२२.१२ | ८७.८८ | २२१५७५.३६ | |
| | | Hard rock with rock breaker including rocks,lifts and lead for disposal | १७८.५२ | १८००.०० | १०१३.४२ | ७८६.५८ | १४०४२०.२६ | |
| ३ | कुडलिय चौड सडक निर्माण उ स | All Types of Soil Excavation | २६००.८७ | ९१.७५ | ७४.०४ | १७.७१ | ४६०६१.४१ | ७६४१८.६७ |
| | | Ordinary Rock Excavation | ३४५.४४ | ३१०.०० | २२२.१२ | ८७.८८ | ३०३५७.२७ | |
| ४ | रतनी शिर्षानी सडक निर्माण उ स | All Types of Soil Excavation | १६८९.०२ | ९१.७५ | ७४.०४ | १७.७१ | २९९१२.५४ | ७१२३७.१४ |
| | | Ordinary Rock Excavation | २३०.८१ | ३१०.०० | २२२.१२ | ८७.८८ | २०२८३.५८ | |
| | | Hard rock with rock breaker including rocks,lifts and lead for disposal | २६.७५ | १८००.०० | १०१३.४२ | ७८६.५८ | २१०४१.०२ | |
| ५ | वेतालदेउ सल्पडी सडक निर्माण उ स | All Types of Soil Excavation | ३४५९.५१ | ९१.७५ | ७४.०४ | १७.७१ | ६१२६७.९२ | १०००१७.७३ |
| | | Ordinary Rock Excavation | ४४०.९४ | ३१०.०० | २२२.१२ | ८७.८८ | ३८७४९.८१ | |
| ६ | विपलम रातामाटी सडक निर्माण उ स | All Types of Soil Excavation | ३७९२.१५ | ९१.७५ | ७४.०४ | १७.७१ | ६७१५८.९८ | १४८६४३.९५ |
| | | Ordinary Rock Excavation | ९२७.२३ | ३१०.०० | २२२.१२ | ८७.८८ | ८१४८४.९७ | |
| ७ | दहिमाण्डौ खाल सडक निर्माण उ स | All Types of Soil Excavation | १९७२.१६ | ९१.७५ | ७४.०४ | १७.७१ | ३४९२६.९५ | १०४९२६.८९ |
| | | Ordinary Rock Excavation | ७९६.५४ | ३१०.०० | २२२.१२ | ८७.८८ | ६९९९९.९४ | |
| ८ | चुल्ला किलेखर्क सडक निर्माण उ स | All Types of Soil Excavation | ३५५९.६९ | ९१.७५ | ७४.०४ | १७.७१ | ६३०४२.११ | ८३३५९.०९ |
| | | Ordinary Rock Excavation | २३१.१९ | ३१०.०० | २२२.१२ | ८७.८८ | २०३१६.९८ | |
| ९ | आशिग्राम रेन्ज पोष्ट सालवारी सडक निर्माण उ स | All Types of Soil Excavation | २५००.०० | ९१.७५ | ७४.०४ | १७.७१ | ४४२७५.०० | ६५२८०.९६ |
| | | Ordinary Rock Excavation | २३९.०३ | ३१०.०० | २२२.१२ | ८७.८८ | २१००५.९६ | |
| १० | जालछिना चाडी सडक निर्माण उ स | All Types of Soil Excavation | १६०१.०३ | ९१.७५ | ७४.०४ | १७.७१ | २८३५४.२४ | २८३५४.२४ |
| ११ | जालछिना चाडी सडक निर्माण उ स (अर्को योजना) गो भा न. १९६ | All Types of Soil Excavation | १६७७.६६ | ९१.७५ | ७४.०४ | १७.७१ | २९७११.३६ | ४४१९३.१० |
| | | Ordinary Rock Excavation | १६४.७९ | ३१०.०० | २२२.१२ | ८७.८८ | १४४८१.७५ | |
| १२ | लेकुटा बसौटी सडक निर्माण उ स | All Types of Soil Excavation | ८४८२.७० | ९१.७५ | ७४.०४ | १७.७१ | १५०२२८.६२ | ४००८१०.१३ |
| | | Ordinary Rock Excavation | १८३९.२७ | ३१०.०० | २२२.१२ | ८७.८८ | १६१६३५.०५ | |
| | | Hard rock with rock breaker including rocks,lifts and lead | ११३.०८ | १८००.०० | १०१३.४२ | ७८६.५८ | ८८९४६.४७ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | for disposal | | | | | |
| १३ | धौलागो चुडेली सडक निर्माण उ स | All Types of Soil Excavation | ९३०.७१ | ९१.७५ | ७४.०४ | १७.७१ | १६४८२.८७ | १०२३३८.२१ |
| | | Ordinary Rock Excavation | ३०६.५६ | ३१०.०० | २२२.१२ | ८७.८८ | २६९४०.४९ | |
| | | Hard rock with rock breaker including rocks,lifts and lead for disposal | ७४.९० | १८००.०० | १०१३.४२ | ७८६.५८ | ५८९१४.८४ | |
| १४ | कुड्डायिल चौड सडक निर्माण उ स | All Types of Soil Excavation | ६१५.७३ | ९१.७५ | ७४.०४ | १७.७१ | १०९०४.५८ | ४२९५७.०५ |
| | | Ordinary Rock Excavation | ३६४.७३ | ३१०.०० | २२२.१२ | ८७.८८ | ३२०५२.४७ | |
| १५ | लिम सडक निर्माण उ स | All Types of Soil Excavation | २१०२.४५ | ९१.७५ | ७४.०४ | १७.७१ | ३७२३४.३९ | ९२१४१.८१ |
| | | Ordinary Rock Excavation | ६२४.८० | ३१०.०० | २२२.१२ | ८७.८८ | ५४९०७.४२ | |
| १६ | स्याउले हाले सडक निर्माण उ स | All Types of Soil Excavation | ३७२७.४३ | ९१.७५ | ७४.०४ | १७.७१ | ६६०१२.७९ | १४९५४९.७६ |
| | | Ordinary Rock Excavation | ९५०.५८ | ३१०.०० | २२२.१२ | ८७.८८ | ८३५३६.९७ | |
| १७ | बोगटा चैनपुर सानिगाउँ सडक निर्माण उ स | All Types of Soil Excavation | १६५७.१६ | ९१.७५ | ७४.०४ | १७.७१ | २९३४८.३० | ८८२२२.६३ |
| | | Ordinary Rock Excavation | ६६९.९४ | ३१०.०० | २२२.१२ | ८७.८८ | ५८८७४.३३ | |
| १८ | खाडीका कापडी सडक निर्माण उ स | All Types of Soil Excavation | ३७९.२० | ९१.७५ | ७४.०४ | १७.७१ | ६७१५.६३ | २०९५२.१९ |
| | | Ordinary Rock Excavation | १६२.०० | ३१०.०० | २२२.१२ | ८७.८८ | १४२३६.५६ | |
| १९ | बन चुल्ल खेत सडक निर्माण उ स | All Types of Soil Excavation | ८२९.४७ | ९१.७५ | ७४.०४ | १७.७१ | १४६८९.९१ | ३२८६४.३८ |
| | | Ordinary Rock Excavation | २०६.८१ | ३१०.०० | २२२.१२ | ८७.८८ | १८१७४.४६ | |
| २० | रतनी शिर्षानी सडक निर्माण उ स | All Types of Soil Excavation | ६०१.२० | ९१.७५ | ७४.०४ | १७.७१ | १०६४७.२५ | २५५९५.६४ |
| | | Ordinary Rock Excavation | १७०.१० | ३१०.०० | २२२.१२ | ८७.८८ | १४९४८.३९ | |
| २१ | खेलमैदान निर्माण उ स | All Types of Soil Excavation | २७०४.७० | ९१.७५ | ७४.०४ | १७.७१ | ४७९००.२४ | ४७९००.२४ |
| २२ | बालकाण्डे चुडी सडक निर्माण योजना उ स | All Types of Soil Excavation | २७८०.०० | ९१.७५ | ७४.०४ | १७.७१ | ४९२३३.८० | ८९५४८.७५ |
| | | Ordinary Rock Excavation | ४५८.७५ | ३१०.०० | २२२.१२ | ८७.८८ | ४०३१४.९५ | |
| २३ | बालथला देहमाण्डौ नानिगाउँ सडक निर्माण उ स | All Types of Soil Excavation | २८२.६३ | ९१.७५ | ७४.०४ | १७.७१ | ५००५.३८ | ७८९७६.६१ |
| | | Ordinary Rock Excavation | ८४१.७३ | ३१०.०० | २२२.१२ | ८७.८८ | ७३९७१.२३ | |
| २४ | लाकम डाङसाज सडक निर्माण उ स | All Types of Soil Excavation | १५४७.१६ | ९१.७५ | ७४.०४ | १७.७१ | २७४००.२० | ३८२३५.८१ |
| | | Ordinary Rock Excavation | १२३.३० | ३१०.०० | २२२.१२ | ८७.८८ | १०८३५.६० | |
| २५ | बोगटा मेल्टा सडक निर्माण उ स | All Types of Soil Excavation | १४१८.६७ | ९१.७५ | ७४.०४ | १७.७१ | २५१२४.६५ | ४८१५६.२४ |
| | | Ordinary Rock Excavation | २६२.०८ | ३१०.०० | २२२.१२ | ८७.८८ | २३०३१.५९ | |
| २६ | चगाउ सिराड सडक निर्माण उ स | All Types of Soil Excavation | ५४३.९४ | ९१.७५ | ७४.०४ | १७.७१ | ९६३३.१८ | ४०१४६.८७ |
| | | Ordinary Rock Excavation | ३४७.२२ | ३१०.०० | २२२.१२ | ८७.८८ | ३०५१३.६९ | |
| २७ | बुर्षा सुनि पोखरी सडक | All Types of Soil Excavation | ८२७.२५ | ९१.७५ | ७४.०४ | १७.७१ | १४६५०.६० | ८७३४९.३३ |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | निर्माण योजना उ स | Ordinary Rock Excavation | ७७२.०० | ३१०.०० | २२२.१२ | ८७.८८ | ७२६९८.७३ | |
| २८ | वेतालदेउ सल्पडी सडक निर्माण उ स (अर्को योजना) गो भा नं २६६ | All Types of Soil Excavation | २४३४.१३ | ९१.७५ | ७४.०४ | १७.७१ | ४३१०८.४४ | ११९३२०.६१ |
| | | Ordinary Rock Excavation | ८६७.२३ | ३१०.०० | २२२.१२ | ८७.८८ | ७६२१२.१७ | |
| २९ | उजि पोखरी सडक निर्माण उ स | All Types of Soil Excavation | २१७६.६२ | ९१.७५ | ७४.०४ | १७.७१ | ३८५४७.९४ | ७५६११.३३ |
| | | Ordinary Rock Excavation | ४२१.७५ | ३१०.०० | २२२.१२ | ८७.८८ | ३७०६३.३९ | |
| ३० | ऐड्ग्रा किमौली सडक निर्माण उ स | All Types of Soil Excavation | ६१७.३१ | ९१.७५ | ७४.०४ | १७.७१ | १०९३२.५६ | ११३१७.४७ |
| | | Ordinary Rock Excavation | ४.३८ | ३१०.०० | २२२.१२ | ८७.८८ | ३८४.९१ | |
| ३१ | धौलागो चुडेली सडक निर्माण उ स (अर्को योजना) गो भा नं २९९ | All Types of Soil Excavation | १३३३.०९ | ९१.७५ | ७४.०४ | १७.७१ | २३६०९.०२ | ४२९५६.६८ |
| | | Ordinary Rock Excavation | २२०.१६ | ३१०.०० | २२२.१२ | ८७.८८ | १९३४७.६६ | |
| ३२ | विपलम रातामाटी सडक निर्माण उ स (अर्को योजना) गो भ न. ३०३ | All Types of Soil Excavation | ७२०.२१ | ९१.७५ | ७४.०४ | १७.७१ | १२७५४.९२ | ५१२५४.२७ |
| | | Ordinary Rock Excavation | ४३८.०९ | ३१०.०० | २२२.१२ | ८७.८८ | ३८४९९.३५ | |
| ३३ | बालकाण्डे चुडी सडक निर्माण योजना उ स (अर्को योजना) गो भ न. ३12 | All Types of Soil Excavation | ५०६६.५३ | ९१.७५ | ७४.०४ | १७.७१ | ८९७२८.२५ | १८७८२५.१८ |
| | | Ordinary Rock Excavation | १११६.२६ | ३१०.०० | २२२.१२ | ८७.८८ | ९८०९६.९३ | |
| | जम्मा | | | | | | | ३१६२२३४.७८ |
| | | | | | | | असुल गर्नुपर्ने | ३१,६२,२३४.७८ |

## ५४ उपभोक्ता समितिले जटिल संरचना निर्माण गरेको

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, ओभरहेड टंकी निर्माण, लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गौ भौ नं र मिति | उपभोक्ता समितिको नाम | कार्य | भुक्तानी रकम |
|---|---|---|---|
| ७५।२०८०।८०।२२ | कालिका आ वी नौगाँउ नि उ स (विद्यालय बाट निर्माण) | २ कोठे भवन निर्माण | ३०१२१८९ |
| २४।२०८०।५।१९ | सरस्वती मा वि बगरकोट नि उ स (विद्यालय बाट निर्माण) | ४ कोठे भवन निर्माण | ६१०६५१९ |
| ८।२०८०।६।०२ | शिवशंकर मा वि रुपालीगाड उ स (विद्यालय बाट निर्माण) | चारकोठे भवन निर्माण | ६०५१७४२ |
| ९।२०८०।६।८ | भागेश्वर आ वी सानिगाउँ उ स (विद्यालय बाट निर्माण) | २ कोठे भवन निर्माण | ३०१२१८९ |
| | जम्मा | | १८१८२६३९ |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

## ५५ सार्वजनिक सुनुवाई

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

५६ **उपभोक्ता समितिबाट निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को (१०) उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै निर्माण व्यवसायी वा सब कन्ट्राक्टरबाट गराउन सकिने छैन । कुनै कारणवश सो समिति आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भएमा सो कुराको सूचना सार्वजनिक निकायलाई दिनु पर्नेछ । त्यसरी सूचना प्राप्त भए पछि सार्वजनिक निकायले सो सम्बन्धमा आवश्यक जाँच गरी सो समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र यस नियमावली बमोजिम गराउनु पर्नेछ भनि उल्लेख छ । लेखापरीक्षणका क्रममा नमुना छनौट गरी हेर्दा पालिकाले लागत ईस्टिमेट तयार गर्दा मेशिनको प्रयोग गर्ने नर्मस् तथा तर रेट राखी तयार गरको देखियो। यस वर्ष पूँजिगत खर्च अन्तर्गत सडक निर्माण तथा खेलकूद मैदान कार्यमा निम्न उपभोक्ता समितिले निम्न निर्माण व्यावसायीमार्फत काम गरेको रु १,५९,५७,७५६। विल पेश गरेको देखियो । उपभोक्ता समिति मार्फत गर्नेगरी सम्झौता गरिएको निर्माण कार्य निर्माण व्यवसायीबाट गर्ने गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| क्रं सं | उपभोक्ता समितिको नाम | लागत ईस्टिमेट | जम्मा काम रु | पालिकाले व्यहोर्ने | उ स ले व्यहोर्ने | निर्माण व्यावसायीको नाम | निर्माण व्यावसायीको विल रकम | नि.व्य.ले गरेको काम |
|---|---|---|---|---|---|---|---|---|
| १ | महादेव पर्यटन पूर्वाधार कार्यक्रम योजना -उ स | ५३३९५७ | ४४७३४५ | ४०२१६३ | ४५१८१ | न्यू समौजी निर्माण सेवा | ४७३३४६ | पुरै |
| २ | धुरा भागेश्वर पर्यटन पूर्वाधार कार्यक्रम - उस | १०७५६५३ | ९९०३५४ | ८८३५६८ | १०६७८६ | गंगेश्वर निर्माण सेवा | ८८३५६८ | पुरै |
| ३ | भागेश्वर मन्दिर धुरा पर्यटन पहुन मार्ग निर्माण- उ स | २१५०४०४ | २२२४३१७ | १९१४६६० | २२९६५६ | घटाल कन्सट्रक्सन | १९११६६१ | पुरै |
| ४ | बोगटा चैनपुर सानिगाउँ सडक निर्माण उ स | ३८४००० | ३९६५०० | ३८०५१० | ४३०७९ | गंगेश्वर निर्माण सेवा | ३८०५१० | पुरै |
| ५ | बुडासाल नानिगाउँ फुपाल सडक निर्माण उस | ५३३९५७ | ४९८९४४ | ४४८५१० | ५०३९३ | आरती निर्माण सेवा | ४४८५५३ | पुरै |
| ६ | छिणा विपलम सडक निर्माण उ स | ३२११२८ | ३१५९४४ | २८३३७१ | ३२५९४ | भुमिराज रोशन निर्माण सेवा | २८५००० | पुरै |
| ७ | कुपताली बकुन्ना सडक निर्माण उ स | ४२९७५३ | ४२७०३६ | ३८१५९९ | ४५४३६ | न्यू समौजी निर्माण सेवा | ३८१५९९ | पुरै |
| ८ | जालछिना सडक निर्माण उ स | १६०१९६ | १४६८९४ | १३२०५७ | १४८३६ | न्यू समौजी निर्माण सेवा | १४४००० | पुरै |
| ९ | बयलपाटा दुनी सडक निर्माण उ स | १६१५६३७ | १६१०८४८ | १४३५४१० | १७५०५७ | गंगेश्वर निर्माण सेवा | १४३६५७५ | पुरै |
| १० | कुडलिय चौड सडक निर्माण उ स | ४४०७६४ | ३४८७१४ | ३०३३८३ | ३६४०१ | न्यू समौजी निर्माण सेवा | ३००८३४ | पुरै |
| ११ | रतनी शिर्षानी सडक निर्माण उ स | ३२२८५३ | २७७७७८ | २४६९०१ | २९७६५ | ऐर व्रदर्श निर्माण सेवा | २४७९०३ | पुरै |
| १२ | वेतालदेउ सल्पडी सडक निर्माण उ स | ५३६३६८ | ४५७१०७ | ४०९१०५ | ४७९९५ | आरती निर्माण सेवा | ४०९१०५ | पुरै |
| १३ | विपलम रातामाटी सडक निर्माण उ स | ६४४७९६ | ६३८३६९ | ५७०३२० | ६८०५० | आरती निर्माण सेवा | ५७०३२० | पुरै |
| १४ | बालकाण्डे चुडी सडक निर्माण योजना उ स | ७४८६९८ | ७३७४१० | ६६२७८४ | ७४६२६ | न्यू समौजी निर्माण सेवा | ३९८००० | २ वटा काम मात्र |
| १५ | दहिमाण्डौ खाल सडक निर्माण उ स | | ४३०८७२ | ३८३७३५ | ४७१३७ | आरती निर्माण सेवा | ३८०७३५ | पुरै |
| १६ | चुल्ला किलेखर्क सडक निर्माण उ स | | ४०१२६९ | ३५८१३२ | ४३१३६ | न्यू समौजी निर्माण सेवा | ३५६६३२ | पुरै |
| १७ | आशिग्राम रेन्ज पोष्ट सालवारी सडक निर्माण उ | ३२०७७३ | ३०६४८६ | २७५१९३ | ३१२९२ | न्यू समौजि निर्माण सेवा | २७२१९३ | पुरै |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | स | | | | | | | |
| १८ | जालछिना चाडी सडक निर्माण उ स | २१३४७० | २०८०१० | १८७१०५ | २०९०५ | गंगेश्वर निर्माण सेवा | १८७४४७ | पुरै |
| १९ | लेकुटा बसौटी सडक निर्माण उ स | १६१२८६७ | १५५५००६ | १३८८४६५ | १६६५४१ | शाही निर्माण सेवा/ शाहि बन्धु ट्रेडर्स एण्ड सप्लायर्स | १३८८४६५ | पुरै |
| २० | धौलागो चुडेली सडक निर्माण उ स | ३२०४७८ | ३१८२४७ | २८६००८ | ३२४७८ | शाही निर्माण सेवा/ शाहि बन्धु ट्रेडर्स एण्ड सप्लायर्स | २८३००८ | पुरै |
| २१ | कुड्डायिल चौड सडक निर्माण उ स | २१४३४२ | १७२५५८ | १५४५७७ | १७९८० | मणिलेक एण्ड सहश्रलिङ्ग निर्माण सेवा | १५४५७७ | पुरै |
| २२ | लिम सडक निर्माण उ स | ५३५२५९ | ३८९५८८ | ३४९३८२ | ४०२०५ | न्यू समौजि निर्माण सेवा | ३४६३८३ | पुरै |
| २३ | स्याउले हाले सडक निर्माण उ स | ६४६८२७ | ६३९६६९ | ५६९६८९ | ६९९८० | न्यू समौजि निर्माण सेवा | ५७३००० | पुरै |
| २४ | लाकम डाङसाज सडक निर्माण उ स | २१४६०३ | १८०९०२ | १६१८५२ | १९०४८ | न्यू समौजि निर्माण सेवा | १८९००० | पुरै |
| २५ | चगाउ सिराड सडक निर्माण उ स | | | ३४४३३० | | घटाल कन्सट्रक्सन | २४३४३९ | आंशिक मात्र |
| २६ | बोगटा चैनपुर सानिगाउँ सडक निर्माण उ स | ४२९६०२ | ३६२७२५ | ३२४२४० | ३८४८५ | शाही निर्माण सेवा/ शाहि बन्धु ट्रेडर्स एण्ड सप्लायर्स | ३२४२४० | पुरै |
| २७ | बुर्षा सुनि पोखरी सडक निर्माण उ स | ५३५३८४ | ४१३३९८ | ३७०६९४ | ५५३८४ | गंगेश्वर निर्माण सेवा | २८६५६२ | आंशिक मात्र |
| २८ | वेतालदेउ सल्पडी सडक निर्माण उ स | | ६०८८३५ | ५४३४४६ | ६५३२८ | गंगेश्वर निर्माण सेवा | ४४७४२६ | आंशिक मात्र |
| २९ | उजिपोखरी सडक निर्माण उ स | | ४९५९३२ | ४३९९९१ | ५५९४१ | घटाल कन्सट्रक्सन | ३००४०७ | आंशिक मात्र |
| ३० | खाडीका कापडी सडक निर्माण उ स | १०८०५७ | ८५०११ | ७५५३२ | ९४७८ | घटाल कन्सट्रक्सन | ७५५३२ | पुरै |
| ३१ | ऐडुग्रा किमौली सडक निर्माण उ स | १०६८५९ | ९५३६४ | ८५६७५ | ९६८९ | न्यू समौजि निर्माण सेवा | ५६६३८ | आंशिक मात्र |
| ३२ | बन चुल्ल खेत सडक निर्माण उ स | १६०२९६ | १४०२१३ | १२५९६७ | १४२४५ | न्यू समौजि निर्माण सेवा | १२५९७० | पुरै |
| ३३ | रतनी शिर्षानी सडक निर्माण उ स | १०९२८४ | १०७८९२ | ९४७८२ | १३१०८ | न्यू समौजि निर्माण सेवा | ९४८३४ | पुरै |
| ३४ | खेलमैदान निर्माण उ स | | २४८१५६ | २२३२९१ | २४८६५ | शाही निर्माण सेवा/ | २२३८९१ | पुरै |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | शाहि बन्धु ट्रेडर्स एण्ड सप्लायर्स | | |
| ३५ | विपलम रातामाटी सडक निर्माण उ स | | | २८१३८२ | | गंगेश्वर निर्माण सेवा | २०१८६३ | आंशिक मात्र |
| ३६ | बालकाण्डे चुडी सडक निर्माण योजना उ स | | ८१०८९५ | ७२२२६५ | ८८६३१ | न्यू समौजि निर्माण सेवा | ७२२२६४ | पुरै |
| ३७ | बालथला देहमाण्डौ नानिगाउँ सडक निर्माण उ स | ३२०२७१ | २८९८६६ | २६०६७६ | २९१९० | शाही निर्माण सेवा/ शाहि बन्धु ट्रेडर्स एण्ड सप्लायर्स | २६०२७६ | पुरै |
| ३८ | बोगटा मेल्टा सडक निर्माण उ स | २१५६९५ | २१४४०७ | १९०८६५ | २३५४२ | भुमिराज रोशन निर्माण सेवा | १९२००० | पुरै |
| | जम्मा | | १७९९२८६१ | १६६५१६१५ | १९१६४४३ | | १५९५७७५६ | |

## ५७ हेभी इक्विपमेण्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन ब्वाइलर जस्ता हेभी मेशीनहरू प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । पालिकाले नियमावलीको पालना गर्नु पर्दछ ।

## ५८ राजश्व असुली

५८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तरगतका वडा कार्यालयहरुले उठाउने राजश्व रकम समयमै बैंक दाखिला गरेको देखिएन। केही उदाहरणहरु-

| वडा नं | राजश्व उठेको महिना | बैंक दाखिला गरेको मिति | राजश्व रकम रु. | जिम्मेवार वडा सचिव |
|---|---|---|---|---|
| १ | भाद्र | कार्तिक २ | १७११० | यादव सिंह भाट |
| २ | भाद्र | २०८१, भाद्र १४ | १७,१०० | हरि प्रसाद पांडे |
| ३ | माघ | चैत्र १ | ३००२४ | हरि प्रसाद पांडे |

नियम अनुसार समयमै राजश्व रकम बैंक दाखिला गर्नुपर्छ।

यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन् -

५८.२ **मेला कर** - मेला कर वापत रकम संकल्न गरेका वडा नं २ का वडा सचिव हरि प्रसाद पांडेले २०८० भाद्र २४ सम्म जम्मा रकम रु. १७१०० संकल्न गरेका तर बैंक दाखिला २०८१ भाद्र १४ मात्र गरेको देखियो। राजश्व रकम समयमै बैंक दाखिला गर्नुपर्ने यस

पालिकालाई ध्यान दिनु पर्ने देखिन्छ।

५८.३ **राजश्व दाखिला नगरेको-**

- राजश्व रकम संकल्न गरेका वडा नं २ कार्यालयका सचिव हरि प्रसाद पांडेले यस आ. व मा बैंक दाखिला गर्नुपर्ने राजश्व रकम रु. ७१३४ हालसम्म पनि बैंक दाखिला नगरेकोले नियम अनुसार उक्त राजश्व दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.
- एम्बुलेन्स ड्राइभर, गोपाल नाथले ऐम्बुलेन्सबाट भएको जम्मा आम्दानी रु.३३२८२० बाट जम्मा बैंक दाखिला रु.३२१०१० मात्र भएको देखियो। बाकि रकम रु. ११८१० नियम अनुसार अशुलउपर गरेर बैंक दाखिला गरेर प्रमाण पेश गर्नेपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,९४४ |

५८.४ अशुल गर्न बाँकी- राम बहादुर बिष्ट(R.B. construction) ले मिति २०८०।०८।१६ देखि २०८०।०८।१७ सम्म जम्मा ११।८० घण्टा डोजर भाडामा लिएको सो बापत रु. ३००० प्रति घण्टा का दरले रु. ३५४०० हुन आएकोमा रु ३३००० मात्र बैंक दाखिला गरेकोले बाकि रकम रु. २४०० अशूलउपर गरि प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४०० |

५९ **राजश्व बाँडफाँड**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **२४८,६४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६० **गैरकर राजश्व**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ३५०००० | २४५२६६ | ७०.०७ |
| घरजग्गा वहाल कर | १००००० | १५५७०१ | १५५ |
| सिफारिस दस्तुर | ८८०००० | ६५१०४४ | ७३.९८ |
| व्यक्तिगत घटना दस्तुर | ३००००० | १७९४२९ | ५९.८ |
| व्यावसाय रजिष्ट्रेशन दस्तुर | २५००० | १०८८९० | ४३५ |
| अन्य सेवा शुल्क तथा बिक्री | १००००० | ९८६८० | ९८.६८ |
| अन्य प्रशासनिक सेवा शुल्क | १००००० | ६६४०८ | ६६.४ |
| अन्य दस्तुर | ५०००० | १२४५६५ | २४९ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ।

६१ **आय ठेक्का (राजश्व)**

पालिकाले ३ वटा खोला को IEE Report तयार गर्दा निम्न खोलाबाट रु. ७४१६०८.०१ आम्दानी गर्ने प्रक्षेपण रहेको मा हालसम्म पालिकाले कुनै ठेक्का लगाउन सकेको छैन। पालिकाले ठेक्का लगाइ आन्तरिक आय बढाउनु पर्छ।

| क्र.सं. | खोलाको नाम | मौजदात परणाम(घन मि.) | उत्खन्न गर्न सकिने (घन मि.) | अनुमानित आम्दानी | जम्मा भएको आम्दानी |
|---|---|---|---|---|---|
| १ | सुर्निया खोलाको विभिन्न क्षेत्र | १४००० | ७००० | ७४१६०८.०१ | ० |
| २ | पर्छेटा-राडील खोलाको विभिन्न क्षेत्र | ५५६२५ | ३८९३८ | ० | ० |
| ३ | डोटी खोला,चुल्लीगाड-ठुलिगाडका विभिन्न बगर क्षेत्र | ३४७२० | ३२८२७ | ० | ० |
| | जम्मा | १०४३४५ | ७८७६५ | ७४१६०८.०१ | ० |

६२ **डोजरबाट प्राप्त आम्दानी विविध खातामा दाखिला गरेको** (२९९-२०८१-३-१७):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२१** को निर्णयले रू **१५९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : भागेश्वर गाउँपालिका, डडेलधुरा , भागेश्वर गाउँपालिका , डडेल्धुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लक्ष्मी दत्त भट्ट | २०८१-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नरेश दत्त भट्ट | २०७८-८-२७ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,१९८,३६४.७८ | २,९७५,८९० | ५२७,८८१.७३ | ० | ३२०,००० | ९७९,२०० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ८,००१,३३६.५१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,०३८,२६० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ६,९६३,०७६.५१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३६८३९१९४.५१ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | २८१७४६२८१.५ | चालु खर्च | २७५५९८४५३.२७ |
| प्रदेश सरकारबाट अनुदान | १८५७३१७४ | पूँजीगत खर्च | ८६६०९०९८ |
| राजश्व बाँडफाँट | ६९२८९५४२.५२ | वित्तीय/अन्य व्यवस्था | ८४३८८८६.०४ |
| आन्तरिक आय | २०२४०१८.९२ | | |
| अन्य आय | १२२०६११३.८८ | | |
| कुल आय | ३८३८३९१३०.८२ | कुल खर्च | ३७०६४६४३७.३१ |
| बाँकी मौज्दात | | ५००३१८८८.०२ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।

- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।